"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

टोल फि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

सूचना नं. २६

मिति: २०८३/०६/१५

अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धताका लागि निवेदन पेश गर्ने बारेको सूचना ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ. व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाको **अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धता सम्बन्धी मापदण्ड, २०८२** तथा नगर कार्यपालिकाको मिति २०८३/०५/२५ को बैठकको निर्णय बमोजिम बुढानीलकण्ठ नगरपालिकामा स्थायी ठेगाना भएका प्रत्येक वडाबाट ३/३ जना (जम्मा ३९ जना) अनौपचारिक क्षेत्रका उमेर १८ वर्ष पूरा भई ५० वर्ष ननाघेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धता गर्न लागिएको हुँदा इच्छुक श्रमिकले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस नगरपालिकाको श्रम डेस्कमा तपसिल बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

अजय बर्तौला
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. निवेदकको आफ्नै नाममा दर्ता भएको मोबाइल नम्बर समेत उल्लेख गरी तोकिएको ढाँचा अनुसारको निवेदन
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र र मतदाता परिचयपत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको स्थायी बासिन्दा र अनौपचारिक वर्गीकरण सहितको सिफारिस
४. निवेदकको पासपोर्ट साइजको फोटो – २ प्रति
५. यदि आफू छनोटमा परेमा आफ्नो तर्फबाट मासिक रुपमा योगदान गर्नुपर्ने रकमका लागि तयार छु भन्ने स्व-घोषणा पत्र
६. निवेदकको बैंक खाता नम्बर वा चेकको प्रतिलिपि

पुनश्च : तोकिएको ढाँचाको निवेदन र स्व-घोषणा यसैसाथ संलग्न गरिएको छ ।

अनुसूची – १

निवेदनको ढाँचा

फोटो

१. **नाम, थर:** .....

२. **नागरिकता नं.:** ..... **जारी जिल्ला:** ..... **जारी मिति:** .....

३. **हजुरबुबाको नाम:** ..... **बाबुको नाम:**.....
आमाको नाम:.....

४. **वैवाहिक अवस्था:** क) विवाहित ख) अविवाहित

५. **लिङ्ग:** क) पुरुष ख) महिला ग) अन्य

६. **ठेगाना:** क) बु. न. पा. वडा नं:..... ख) टोल:.....

७. **मोबाइल नं.** ..... **ईमेल (उपलब्ध भएमा मात्र):** .....

८. **पारिवारिक विवरण:**
(अ) **वर्ग / समूह:** क) दलित ख) अल्पसङ्ख्यक ग) लोपोन्मुख घ) अन्य .....
(आ) **परिवारको सङ्ख्या:** .....

९. **नातेदार:**
अ) इच्छाएको व्यक्तिको नाम थर:..... **नाता:**.....
मोबाइल नं:.....

१०. **कामको अनुभव:**..... **अवधि:**.....

११. **शिक्षा:**.....

१२. **तालिम:**.....**अवधि:**.....

१३. **आफूले श्रम गरेको क्षेत्रको वर्गीकरण:**
क) निर्माण ख) सरसफाइ ग) घरेलु घ) कृषि ङ) गृह च) अन्य .....

१४. **बुढानीलकण्ठ श्रम डेस्कमा सूचीकृत भए/नभएको विवरण:** .....

१५. **बसोबासका लागि आफ्नै घर:** क) छैन ख) छ (घरको प्रकार: पक्की /कच्ची)

१६. **परिवारमा अन्य सदस्य रोजगारीमा संलग्न:** (क) छैन (ख) छ (.....जना)

१७. अन्य कुनै सरकारी पेन्सन वा औपचारिक वा स्वरोजगार क्षेत्रको सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

१८. नगरपालिकाबाट सञ्चालन हुने अनौपचारिक क्षेत्रकको श्रमिकको सामाजिक सुरक्षा योजनामा संलग्न हुन इच्छुक हुनुहुन्छ ? क) छु ख) छैन

उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुँला / बुझाउँला ।

हस्ताक्षर .....

मिति: .....

दायाँ	बायाँ

अनुसूची – २

स्व-घोषणा

मितिः २०...../...../.....

श्री .....
बुढानीलकण्ठ नगरपालिका,
....., काठमाडौँ।

विषयः स्व-घोषणा सम्बन्धमा।

प्रस्तुत विषयमा म ..... क्षेत्रमा कार्यरत श्रमिक हुँ र म अन्य कुनै सरकारी पेन्सन वा औपचारिक वा स्वरोजगार क्षेत्रको सामाजिक सुरक्षा कोषमा आबद्ध नभएको हुँदा यस बुढानीलकण्ठ नगरपालिकाबाट सञ्चालित बुढानीलकण्ठ नगरपालिकाभित्रका अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी कार्यक्रममा यदि आफू छनोटमा परेमा आफ्नो तर्फबाट मासिक रुपमा जम्मा गर्नुपर्ने तोकिएको योगदान रकम (न्यूनतम आधारभूत पारिश्रमिकको ११% रकम) मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने छु भनी प्रतिबद्धता सहित स्व-घोषणा गर्दछु।

निवेदक

हस्ताक्षरः.....

नाम, थरः.....

ठेगानाः.....

मोबाइल नं:.....